# स्थानीय राजपत्र

## बलेफी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-९ सङ्ख्या-७ बलेफी स्थानीय राजपत्र प्रकाशित मिति २०८२/१२/१०

## भाग-२

**बलेफी गाउँपालिका**

### गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### बलेफि गाउँपालिकाको सहकारी संस्था एकीकरण गर्ने सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना** : बलेफि गाँउपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरूलाई थप सुदृढ गरी सहकारी मार्फत सम्पादन हुने काम कारवाही व्यवस्थित गर्न सहकारीहरू एकीकरण गर्न वान्छनीय भएकोले बलेफि गाँउपालिकाको सहकारी ऐन, २०७५ को दफा १०१ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "***बलेफि गाउँपालिकाको सहकारी संस्था एकीकरण गर्ने सम्बन्धी कार्यविधि, २०८२"*** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क."**एकीकरण कार्य**" भन्नाले दुई वा दुई भन्दा बढी सहकारी संस्थाबीच भएको सम्झौता जसअनुसार ती संस्थाहरू एक आपसमा मिलेर नयाँ संस्था बनाउने वा विद्यमान एक संस्थामा विलय भई नयाँ संस्था बन्ने कार्यलाई समेत सम्झनु पर्दछ ।

ख."**ऐन"** भन्नाले बलेफि गाँउपालिकाको सहकारी ऐन, २०७५ सम्झनु पर्दछ ।

ग. "**गाँउपालिका**" भन्नाले बलेफि गाँउपालिकालाई सम्झनु पर्दछ ।

घ. "**नियामक निकाय**" सहकारी संस्थाको नियमन क्षेत्राधिकार अनुसार बलेफि गाँउकार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

ङ. "**रजिष्ट्रार**" भन्नाले बलेफि गाँउपालिकाको सहकारी ऐन, २०७५ बमोजिम जिम्मेवारी प्राप्त गरेको अधिकारी वा रजिष्ट्रारबाट अधिकारप्राप्त कर्मचारी वा प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

च. "**संस्था** भन्नाले सहकारी संस्थालाई सम्झनुपर्दछ।

छ. "**जम्मा कारोबार**" भन्नाले सहकारी संस्थाले सञ्चालन गरेको वित्तीय विवरणमा अन्तिम आर्थिक वर्षमा देखिएको सम्पूर्ण कारोबारको योगफललाई सम्झनु पर्दछ ।

ज. "**संयुक्त साधारण सभा**" भन्नाले एकीकरण गरिने सहकारी संस्थाहरूको बहुमत शेयर सदस्यहरू उपस्थित भई गरिने संयुक्त साधारण सभा सम्झनुपर्दछ ।

झ. "**कार्यालय**" भन्नाले बलेफि गाँउकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

३. **उद्देश्यः** सहकारी संस्थाहरूलाई एकीकरण गर्ने उद्देश्य देहाय बमोजिम रहेका छन्ः

क. संस्थागत रूपमा दिगो विकास र स्थायित्व कायम गर्नु,

ख. बौद्धिक, आर्थिक तथा भौतिक स्रोत साधनमा सम्पन्न र आत्मनिर्भर बनाउनु,

ग. सदस्यहरूलाई गुणस्तरीय सेवा उपलब्ध गराउनु,

घ. दोहोरो सदस्यता हटाई सेवाको प्रभावकारिता अभिवृद्धि गर्नु,

ङ. अनुत्पादक व्यवस्थापन खर्च घटाई उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनु,

च. आधुनिक प्रविधिको प्रयोगद्वारा व्यवस्थापनमा सुधार ल्याउनु,

छ. संयुक्त प्रयास मार्फत सबल र सक्षम संस्थाको निर्माण गर्नु,

ज. सहकारी क्षेत्रमा देखिएका कमी कमजोरीहरूलाई सुधार गरी उपलब्ध अवसरको सदुपयोग गर्नु ।

## परिच्छेद-२

## योग्यता तथा प्रारम्भिक निवेदन सम्बन्धी व्यवस्था

**४. एकीकरण गर्न सकिने सहकारी संस्थाहरूः** देहाय बमोजिमका सहकारी संस्थाहरु एकीकरण गर्न सकिनेछः

क. एउटै कार्यक्षेत्र भित्र रहेका एक भन्दा बढी सहकारी संस्थाहरु,

ख. एउटै विषय वा प्रकृति भएका वा फरक बिषय वा प्रकृती भएतापनि एकै स्थानमा रहेका र मुलतः एकै विषयमा प्रतिस्पर्धामा रहेका सहकारी संस्थाहरु

ग. पालिका भित्रका फरक वडा भएता पनि कार्यक्षेत्र जोडिएका संस्थाहरु

घ. सहकारीका सदस्यहरू दोहोरो परेका संस्थाहरू,

ङ. संचालन लागत घटाएर सदस्यहरूलाई बढी लाभ वितरण गर्न चाहने संस्थाहरू

च. दुई वा दुई भन्दा बढी संस्थाहरू एक आपसमा एकीकरण गर्दा सहकारी अभियानलाई सहयोग पुग्ने

छ. महिला मात्र सदस्य रहने संस्था महिला मात्र सदस्य रहने संस्थामा एकीकरण गर्न प्राथमिकता दिनु पर्नेछ ।

ज. विशेष रुपमा पिछडिएको समुदायमा स्थापित संस्थाको सांगठनिक गतिशिलतामा असर पर्ने गरी एकीकरण गरिने छैन।

**५. एकीकरणको व्यवस्थापन** : (१) एकिकरणको व्यवस्थापन देहाय बमोजिम हुनेछः

क. एकीकरण गर्ने संस्थाहरुको आवश्यकता पहिचान गर्ने,

ख. एकीकृत हुने संस्थाहरुको शेयर सदस्य तथा सञ्चालक समिति लेखा समिति र अन्य उपसमितिका सबै सदस्य वा पदाधिकारी वा आवश्यकता अनुसारको उपस्थितिमा एकीकरण सम्बन्धी अन्तर्क्रिया छलफल कार्यक्रमको सञ्चालन गरी सहमती जुटाउने,

ग. उपर्युक्त अन्तर्क्रिया वा छलफल पश्चात एकीकृत हुन चाहाने सहकारी संस्थाहरुको सञ्चालक समितिको बैठकबाट एकीकरणको निमित्त शर्त र कार्यविधि तयार गर्न ५ सदस्यीय संयुक्त कार्यदल निर्माण गर्ने,

घ. कार्यदलले शर्त र कार्यविधिमा गहन बहस र छलफल पश्चात अनुसुची १ बमोजिमको शर्त र कार्यविधि तयार गरी १५ दिन भित्र एकीकृत हुन चाहाने संस्थाहरुमा प्रस्तुत गर्ने,

ङ. कार्यदलले प्रस्तुत गरेको शर्त र कार्यविधिलाई एकीकृत हुन चाहाने संस्थाहरुको सञ्चालक समितिको बैठकबाट अन्तिम रुप प्रदान गरी साधारण सभामा कुल सदस्य संख्याको बहुमतबाट पारित गर्नुपर्नेछ,

च. एकीकरण हुन चाहाने संस्थाहरुले सम्बन्धित प्रदेश सहकारी रजिष्ट्रार कार्यालय र छाता संघसँग आवश्यक राय वा सुझाव र सहमती प्राप्त गर्न सक्नेछ,

६. **एकीकरणको योग्यता** : एकै प्रकृति वा बिषयका संस्थाहरुसँग एकीकरण गर्न सकिनेछ । तर एकै कार्यक्षेत्रमा विभिन्न बिषय र प्रकृतिका संस्थाहरु रहेको भएमा फरक विषय वा प्रकृति भएतापनि कार्यालयले एकीकरण गर्न स्वीकृति प्रदान गर्न सक्नेछ ।

७. **पूर्व स्वीकृति लिनु पर्नेः** (१) देहाय बमोजिम एकीकरण हुन चाहाने संस्थाले पूर्व स्वीकृती लिनु पर्नेछ ।

१. दफा ५ बमोजम योग्यता भएका दुई वा दुई भन्दा बढी संस्थाहरुले एक आपसमा एकीकरण हुन चाहेमा एकीकरण कार्यको समय सिमा र तोकिएको कार्ययोजना सहित आ-आफ्नो सञ्चालक समितिबाट प्रस्ताव पारित गरी सो सम्बन्धी कार्य गर्न गाँउकार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्ने छ,

२. उपदफा १ बमोजिम एकीकरण गर्दा साधारणयता मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा गाँउपालिकाको एक वडा वा सो भन्दा बढी वडाहरु वा गाँउपालिका क्षेत्रभित्र पर्ने गरि गरिनेछ,

३. एकीकरण हुने संस्थाले एकीकरण वा बिलय हुने संस्थाहरुमध्येको कुनै संस्थाको नाम कायम गरी वा नयाँ नाम कायम गरी एकीकरण हुन सक्नेछ,

४. एकीकरण पुर्व एकीकरण हुने संस्थाहरुको दायित्व व्यवस्थापन र कर वक्यौता भुक्तानी सम्बन्धमा स्पष्ट गर्नुपर्नेछ,

५. एकीकरणका अन्य शर्त आधार र प्रक्रिया समय समयमा बलेफि गाँउपालिकाबाट स्वीकृत कार्यविधि तथा व्यवस्था भए बमोजिम हुनेछ,

६. नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको वा अन्य सार्वजनिक निकायको ऋण, अनुदान वा अन्य प्रकारको सहयोग रकम वा जायजेथा रहेका संस्थाको एकीकरण वा विभाजन गर्दा त्यस्तो संस्थाले नियामक निकायको पूर्व सहमति लिनु पर्नेछ,

७. पुर्व स्वीकृति दिनु पुर्व नियामक निकायले एकीकरण हुने संघ/संस्थाहरूको स्थलगत अनुगमन गर्न सक्नेछ,

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि नियामक निकायले माग बमोजिम संस्थाहरू एकीकरण गर्न योग्य देखिए एकीकरणको कार्य अगाडि बढाउन पुर्व स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद-३

## सम्पती तथा दायित्व, सम्झौता तथा अन्तिम स्वीकृती सम्बन्धी व्यवस्था

**८. सम्पत्ति र दायित्वको मूल्याङ्कन सम्बन्धी व्यवस्थाः** (१) नियामक निकायबाट पूर्व स्वीकृति लिएपछि एकीकृत हुन चाहने संस्थाहरूले सम्पत्ति, दायित्व तथा कारोबारको पछिल्लो अवस्था मुल्याङ्कन गर्नुपर्ने देखिएमा मूल्याङ्कनकर्ता (valuators) नियुक्ति गरी सम्पत्ति, दायित्व तथा कारोबारको पछिल्लो अवस्थाको मूल्यांकन गराउन सक्नेछ।

(२) मुल्याङ्कनकर्ताले पेश गर्ने प्रतिवेदनमा संस्थाको देहाय बमोजिमका विषयहरू स्पष्ट राय सहित पेश गर्नुपर्नेछ । मुल्याङ्कनकर्ताले पेश गर्ने प्रतिवेदनमा संस्थाको देहाय बमोजिमका विषयहरू स्पष्ट राय सहित पेश गर्नुपर्नेछ र एकीकरण कार्यबाट उक्त विषयमा पर्ने प्रभावको विस्तृत विश्लेषण समेत गरेको हुनुपर्नेछः-

क. कर्जा वर्गीकरण,

ख. कर्जा नोक्सानी व्यवस्थाको पर्याप्तता,

ग. प्रचलित कानून तथा नियमनको पालना स्थिति,

घ. तरलता विवरण र संस्थाको चल अचल सम्पत्तिको विवरण,

ङ. जनशक्ति व्यवस्थापन,

च. बचत फिर्ता तथा ऋण असुली र

छ. अन्य आवश्यक विषयहरू ।

**९. एकीकरणमा राख्नुपर्ने शर्त र कार्यविधिका विषयहरुः** एकीकरणमा निम्म शर्त र कार्यविधि राख्नुपर्दछ ।

१. कुन कुन संस्थासँग एकीकरण गर्ने हो सो उल्लेख गर्ने,

२. एकीकृत संस्थाको नाम एकीकृत हुने संस्थाहरुमध्ये कुन संस्थाको नाम राख्ने हो वा नयाँ नाम के राख्ने हो सोको उल्लेख गर्ने र संस्थाको कार्यालय कहाँ रहने हो ठेगाना समेत उल्लेख गर्नुपर्नेछ,

३. एकीकृत संस्थाको कार्यक्षेत्र कति रहने सो एकीन गर्ने ।कार्यक्षेत्र एकीन गर्दा मापदण्डमा भएको व्यवस्थाको अनुसरण गर्ने,

४.कुन संस्थाको विनियम स्वीकार गर्ने हो वा नयाँ विनियम तर्जुमा गर्ने वा कुनै विनियममा संशोधन गर्ने हो उल्लेख गर्ने,

५. शेयर पुँजीको रकम विनियममा व्यवस्था भए बमोजिमको कोषमा रहेको रकमहरु एकीकृत संस्थामा के कसरी समावेश गर्ने र उपयोग गर्ने तरिका,

६. संस्थाको सम्पती एकीकृत संस्थामा के कसरी प्रयोग गर्ने र दायित्वहरु के कसरी भुक्तानी गर्ने सो सम्बन्धी विषय,

७. अन्य आवश्यक विषय ।

**१०.एकीकरणको साधारण सभामा प्रस्तुत गरिने विषयहरुः** संस्था एकीकरण कार्यको लागि साधरण सभामा निम्न विषयहरु पेश गरी पारित गराउनुपर्नेछ ।

१. अनुसुची १ बमोजिमको ढाचाँमा प्रस्तुत गरिएको शर्त र कार्यविधि सम्बन्धी विवरण,

२. एकीकरण हुने अघिल्लो दिन सम्मको वासलात,

३. आन्तरिक लेखा परीक्षण प्रतिवेदन,

४. साधारण सभाबाट एकीकरण स्वीकृत लिने कार्यका लागि अधिकार प्रत्यायोजन गरी प्रतिनिधि तोक्ने कार्य,

५. एकीकरण पछि कुनै विवाद भएमा विवाद समाधान गर्न एकीकृत हुन आउने संस्थाबाट बढीमा ५ जनाको विवाद समाधान समिति गठन गर्ने,

६. एकीकृत संस्थाको सम्पती (स्थानीय भए)नियमानुसार नामसारी सम्बन्धी विषय,

७. संस्थाहरुको ऋण लगानी, ऋण असुली र भुक्तानी, बचत तथा ऋणको व्याजदर, सदस्यताको क्रम संख्या, शेयर प्रमाणपत्र लिने दिने, कर्मचारी व्यवस्थापन, कारोवार स्थगन जस्ता विषयहरुमा कुनै छुट्टै व्यवस्था गर्नुपर्ने भएमा सो समेत निर्णय गर्ने ।

**११. सम्झौता सम्बन्धी व्यवस्था :** (१) कार्यालयबाट एकीकरण कार्य अघि बढाउन दफा ७ बमोजिम पूर्व स्वीकृत प्राप्त गरेकोका संस्थाले देहायका कुराहरु खुल्ने गरी एक आपसमा सम्झौता गर्नुपर्नेछ ।

क. एकीकरण हुने संस्थाको नाम ठेगाना, कार्यक्षेत्र, एकीकरण भए पछि रहने नाम ठेगाना, संयुक्त कार्यक्षेत्र तथा सदस्यता प्रतिवेदन,

ख. सदस्यहरुको हकहित संरक्षण गर्ने व्यवस्था,

ग. संस्थाको सम्पतीको मूल्यांकन सम्पती/दायित्व मिलान पद्धति,

घ. एकीकरण गर्न लाग्ने अनुमानित समयावधि,

ङ. संस्थाको विनियमावली कार्यसञ्चालन सम्बन्धी नियमावालीहरु बचत तथा ऋण नीति र निर्देशिका संस्थाको रुपमा परिणत हुने वा एकीकरण हुने संस्थाको नाम,

च. एकीकरण भएपछि पुँजी संरचना तथा स्वामित्व संरचना,

छ. एकीकरण पछिको संस्थामा जनशक्ति व्यवस्थापन योजना तथा कर्मचारी व्यवस्थापन योजना तथा कर्मचारी व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था,

ज. प्रचलित सहकारी कानूनको पालनाको लागि पुरा गर्नुपर्ने विषय र स्वीकृती प्रक्रिया,

झ. संस्थागत पुनसंरचना एक आपसमा सदस्यता सेवा केन्द्रहरुको मिलन तथा सञ्चालन व्यवस्था,

ञ. अन्य प्रचलित कानून र सो को पालना भएको घोषणा,

ट. कार्यालयले तोकेका अन्य विषयहरु ।

**१२. एकीकरणको लागि निवेदन दिने सम्बन्धी व्यवस्था** (१) दफा ७ बमोजिम पूर्व स्वीकृती लिएका संस्थाहरुले ऐनको दफा ६५ को प्रकृया पुरा गरी एक आपसमा एकीकरण हुन चाहेमा एकीकरण कार्यको समयसीमा र तोकिएको प्रस्तावित कार्ययोजना सहित विद्यमान पुँजी संरचना अनुसार आ - आफ्नो साधरणसभाबाट प्रस्ताव पारित गरी सो सम्बन्धी कार्य अघि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम पारित एकिकरण प्रस्तावको आधारमा एकीकरण हुने संस्थाको सञ्चालक समितिको निर्णय सहित संयुक्त रुपमा अनुसुची २ बमोजिमको ढाँचामा बलेफि गाँउपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

**१३. कार्यालयले अपनाउनुपर्ने प्रक्रिया** : (१) एकीकरणको लागि निवेदन पेश भए पछि कार्यालयले निम्न कार्य प्रक्रिया अपनाउनुपर्नेछः

क. कार्यालयसँग एकीकरणका लागि पूर्व स्वीकृती लिए, नलिएको र नलिएको अवस्थामा एकीकरण तथा विभाजन पछि आउन सक्ने कानूनी जटिलताको विषय एकिन गर्ने,

ख. एकीकरण हुने संस्थाहरूको साधारणसभाको बहुमबाट नियमानुसार प्रस्ताव पारित भए नभएको हेर्ने,

ग. कार्यालयले एकीकरण सम्बन्धी १५ दिने सूचना तयार गरी राष्ट्रिय वा स्थानिय स्तरको दैनिक पत्रिका वा अन्य कुनै एकमा कम्तिमा एकपटक प्रकाशन गर्ने वा एफ. एम. रेडियो वा कार्यालयको वेभसाइटमा प्रकाशन वा प्रसारण गर्ने गराउने र सम्बन्धित संस्थाको सुचना पाटीमा टाँस गरी गुनासो वा उजुरी माग गर्ने,

घ. सुचनाको अवधिभित्र गुनासो वा उजुरी परे नपरेको र परेको भए कस्तो विषयको उजुरी हो सो को अध्ययन गर्ने,

ङ. सरोकारवालाको गम्भिर प्रकृतिको गुनासो वा उजुरी पाइएमा त्यस्तो सच्चाई पत्ता लगाउने र नपरेमा सम्बन्धित कार्यालयबाट खुलाउनुपर्ने विषयहरु खुलाएर एकीकरण सम्बन्धी निर्णय गर्ने,

च. एकीकरण कार्य सम्पन्न भएको सूचना पत्रपत्रिकामा प्रकाशन गर्न लगाउने,

छ. संस्थाको एकीकरण गरेपछि मुल संस्थाको दर्ता कायम राखी अन्य संस्थाको लगत कट्टा गर्ने र सो को जानकारी जिल्ला सहकारी संघ, विषयगत संघ र प्रदेश सहकारी मन्त्रालय लगायतका निकायमा पठाउने,

ज. स्थायी लेखा नम्बर लिएका संस्था भए आन्तरिक कर कार्यालयको सहमती लिने ।

१४. **अन्तिम स्वीकृती सम्बन्धी व्यवस्था :** (१) एकीकरणको लागि आवश्यक प्रक्रिया अघि बढाउन पुर्व स्वीकृती पाएका संस्था दफा ८ बमोजिमको प्रतिवेदन र दफा ११ बमोजिमको सम्झौता पत्र सहित अन्तिम स्वीकृतिको निमित्त सम्बन्धित कार्यालयमा संयुक्त रुपमा देहायका कागजातहरु संलग्न राखी निवेदन दिनुपर्ने छ ।

क. एकीकरण हुने संस्थाहरुको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको लेखापरीक्षकको प्रतिवेदन सहित वार्षिक प्रतिवेदन,

ख. एकीकरण गर्ने सम्बन्धमा कुनै समझदारी पत्र भए त्यस्तो समझदारी पत्र र एकीकरण समिति गठनको निर्णय,

ग. एकीकरण हुने संस्थाको चल अचल सम्पती तथा दायित्वको पछिल्लो यथार्थ विवरणको मुल्यांकनको लागि नियुक्त मुल्यांकनकर्ताको प्रतिवेदन,

घ. एकीकरण हुने संघ संस्थाको नाम र ठेगाना,

ङ. एकीकरणका सम्बन्धमा स्वीकृत भएको अन्तिम कार्ययोजना,

च. कार्यालयले तोकेका अन्य कागजात तथा विवरण,

छ. एकीकरण हुन आउने संस्थाहरुको अनुसुची २ बमोजिमको संयुक्त निवेदन,

ज. एकीकरणको निर्णयहरुको प्रमाणित प्रतिलिपी,

झ. अनुसुची १ बमोजिमको एकीकरणको शर्त र कार्यविधि,

ञ. एकीकरण हुने संस्थाहरुको छुट्टा छुट्टै र संयुक्त वासलात,

ट. कार्यालयको स्वीकृतिमा स्थानीय पत्रपत्रिकामा संस्था एकीकरणमा जान लागेको कुराको सार्वजनिक सूचना जारी गरेको सूचना,

ठ. उक्त सुचना प्रकाशन भए पछि एकीकरण सम्पन्न नभएसम्म कुनै आर्थिक कारोवार नभएको जानकारी पत्र तथा विवरण,

ड. एकीकृत हुन चाहाने संस्थाहरुको अघिल्लो आर्थिक वर्षको साधारण सभाबाट अनुमोदित लेखा परीक्षण प्रतिवेदन र चालु आर्थिक वर्षको आन्तरिक लेखा परीक्षणको प्रतिवेदन समेत संलग्न राख्नुपर्ने,

ढ. एकीकृत संस्थाको विनियममा "***एकीकृत संस्थाको नामबाट भए गरेका काम कारवाही यस विनियम बमोजिम भए गरेको मानिनेछ*** "भन्ने प्रावधान समावेश गरी पेश गरिएको विनियम,

ण. सम्पुर्ण कागजातहरु एकीकृत हुन चाहाने सहकारी संस्थाहरुको अध्यक्षहरुबाट प्रमाणित गरी पेश गरिएको हुनुपर्नेछ ।

(२) उपदफा (१)बमोजिमको निवेदन उपर नियामक निकायले कारवाही गर्दा थप विवरण तथा कागजात आवश्यक भएमा सो निर्णय गर्नु अघि निवेदक संस्थालाई लिखित सूचना दिई थप जानकारी वा कागजात पेश गर्न लगाउन सक्नेछ र त्यस्ता संस्थाका संचालक वा अधिकार प्राप्त व्यक्तिले नियामक निकाय समक्ष त्यस्तो थप जानकारी वा कागजात उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम परेका निवेदन उपर नियामक निकायले उक्त निवेदन र सो सँग संलग्न कागजात विवरण उपर छानविन गरी पैतिस(३५) दिन भित्र संस्था एक आपसमा एकीकरण गर्न स्वीकृती दिने वा नदिने निर्णय गरी सो को जानकारी सम्बन्धित संस्थालाई दिनेछ ।

(४) यस कार्यविधि बमोजिम माग गरिएको थप जानकारी वा कागजात पत्र संस्था वा सो का अख्तियारवाला व्यक्तिले तोकेको मिति भित्र उपलब्ध नगराएमा एकीकरण सम्बन्धी निवेदन फिर्ता लिएको मानिनेछ र सो उपर कुनै कारवाही गरिने छैन ।तर पुनः दिएको निवेदन उपर कारवाही गर्न भने यस व्यवस्थाले बाधा पुऱ्याएको मानिनेछैन ।

(५) नियामक निकायले एकीकरण सम्बन्धमा आफुले गरेको निर्णयको व्यहोरा सर्वसाधरणको जानकारीका लागि सार्वजनिक गर्नेछ र त्यस्तो जानकारीमा एकीकरण हुनुभन्दा अगाडिका संस्थाहरुले गरेका कामहरु एकीकरण पश्चात गठन भएको संस्थाले गर्ने व्यहोरा खुलाईनेछ ।

## परिच्छेद-४
## विविध सम्बन्धी व्यवस्था

**१५.एकीकरण सम्बन्धी अन्य व्यवस्था** : (१) संघसंस्था एक आपसमा एकीकरण गर्दा आवश्यकता अनुसार देहाय बमोजिमको छुट प्रदान गर्न सकिनेछ ।

क. दुई वा दुई भन्दा बढी एकै प्रकृतिका सहकारी संस्थाहरु एकीकरण गर्न चाहने संस्थाहरुले साविकमा स्वीकृति पाई कारोबार गरिरहेको कार्यक्षेत्र वा स्वीकृत कार्यक्षेत्रसँग जोडिएको भएमा कार्य क्षेत्र पुननिर्धारण गरेर मात्र सो प्रतिवेदनमा उल्लेख भए बमोजिम कार्यक्षेत्र प्रदान गर्न सकिनेछ,

ख. एकीकरण गर्दा दफा १५(क) बमोजिम ठुलो कार्यक्षेत्र रहेको अवस्था भए उपयुक्त स्थानमा सेवा केन्द्र खोल्न दिइनेछ,

ग. फरक विषय र प्रकृतिका संस्थाहरु एकीकरण हुने भएमा त्यस्ता संस्थाहरुलाई सो संस्थाले चाहेको विषय वा प्रकृति राख्न स्वीकृती प्रदान गर्न सकिनेछ ।

**१६.एकीकरण पश्चात गर्नु पर्ने कुराहरुः** (१) एकीकृत भएका संघसंस्थाले एकीकरण पश्चात देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ ।

क. एकीकरणमा सामेल भएका संघसंस्थाहरु संस्थाको मूल कार्यालय भन्दा टाढा भए सदस्यता सेवा केन्द्र खोल्ने स्वीकृति लिइ कार्यहरुलाई निरन्तरता दिने

ख. कर्मचारीको जिम्मेवारी बाडँफाड र सञ्चालक समिति लेखा सुपरीवेक्षण समितिको जिम्मेवारिको बाडँफाडमा विशेष ध्यान दिने,

ग. पुरानो संस्था र एकीकृत संस्थाको सेवा सुविधामा कटौती होइन बरु उन्नत सेवा सुविधा दिने,

घ. एकीकरण भएको मितिले तीन (३) महिना भित्र एकीकृत संस्थाको विशेष साधरण सभा बोलाई सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्नुपर्नेछ ।

**१७.एकीकरणमा सहजीकरण गर्न सकिने** : (१) देहायको अवस्थामा संघसंस्थाबाट एकिकरण गर्न अनुरोध भै आएमा कार्यालयले एकिकरण प्रकृयामा सहजीकरण गर्न सक्नेछ ।

क. एकै वडा वा पालिका भित्र नजिकका वडाहरुका स्थानमा एकै विषयका धेरै संस्थाहरु संचालन भएको,

ख. फरक विषय वा प्रकृतिका संस्थाहरुबीच एकै व्यवसायमा अस्वस्थ प्रतिस्पर्धा भएको

ग. दुवै तर्फका संस्थामा दोहोरो सदस्यता भएको,

घ. दुई वा दुई भन्दा बढी संघसंस्थाहरु एक आपसमा एकीकरण गर्दा सहकारी अभियानलाई सहयोग पुग्ने देखिएको ।

**१८. विविध** : (१) एकीकरण हुने संघसंस्थाको सम्पत्ति तथा दायित्वको विवरण प्राप्त गरेपछि सो सम्पत्ति तथा दायित्वको हिसाब किताव दुरुस्त राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२)कार्यालयले संघसंस्था एक आपसमा एकीकरण गर्न अन्तिम स्वीकृति दिएपछि एकीकरण कार्य तोकिएको समयमा कार्यान्वयन नगरेको पाइएमा एकीकरण स्वीकृति बदर गरी कारबाही गर्न सक्नेछ ।

**१९.बाधा अड्काउ फुकाउने** : यस कार्यविधि बमोजिम कार्य सम्पादन गर्दा बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले निर्णय गरि त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ ।

**२०. संशोधन परिमार्जन** : बलेफी गाउँ कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधिमा संशोधन परिमार्जन गर्न सक्नेछ ।

## अनुसुची-१

(दफा ५ को उपदफा (१) को खण्ड (घ), दफा १० को उपदफा (१) को खण्ड (क) र दफा १४ को उपदफा (१) को खण्ड (झ) संग सम्बन्धित)

### एकीकरणका शर्त तथा कार्यविधि ढाँचा फारम

स्थानीय सहकारी संस्था संचालन ऐन, नियम तथा संघसंस्थाको विनियममा भएको व्यवस्था अनुसार ............ सहकारी संघ / संस्था लि. ............ र ............ सहकारी संघ / संस्था लि . को एकीकरण गर्दा शर्त र कार्यविधि खोली एकीकरण प्रकृयालाई अघि बढाउनु पर्ने भएकाले निम्नलिखित शर्त र कार्यविधिका अधिनमा रही एकीकरण कार्य सम्पन्न गर्ने यस साधारण सभाले गरेको निर्णय कार्यान्वयनका लागि स्थानीय तह बलेफी गाउँपालिकामा अनुरोध गर्ने समेत निर्णय गरियो ।

| क्र.स. | विषय | एकीकरण शर्त | एकीकरणको कार्यविधी | कैफियत |
|---|---|---|---|---|
| १. | नाम | .......... संघ / संस्था लि. (दर्ता नं. डि.स.का .......) .... संघ / संस्था रहेकोमा दुवैलाई एकीकृत गरी एउटै नामबाट संस्थाको संचालन गर्ने । दुवै संघ / संस्था लाई सहकारी संघ / संस्था लि. ....... कायम गर्ने | दुवै संघ / संस्थाको साधारण सभाबाट पारित गराई ......... कार्यालय ...... बाट एकीकरणको स्वीकृत लिई संस्था .......... को नामबाट संचालन गर्ने । | |
| २. | कार्यालय | दुवै संघ / संस्थाको कार्यालय एउटै बनाउने | ............ संघ / संस्थाको कार्यालय भवनबाट कार्य संचालन गर्ने । | |
| ३. | कार्यक्षेत्र | दुवै संघ / संस्थाको कार्यक्षेत्र एकीकृत रुपमा रहने र कार्यक्षेत्रमा आफ्नो सदस्यहरुलाई सेवा प्रदान गर्ने । | एकीकृत हुने संघ / संस्थाका कार्यक्षेत्र ........ गापा /नपा /वडा भएकोले ....... कार्यक्षेत्र पुननिर्धारण पछि कायम हुने कार्यक्षेत्र समेतको स्वीकृती लिई सेवा प्रदान गर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| ४. | विनियम | दुवै संघ/ संस्था एकीकृत भएपछि एउटा मात्र संघ/संस्थाको बिनियम स्वीकार गरिने | ……… सहकारी संघ / संस्थाको विनियम ………. स्वीकार गरी सोही विनियम अनुसार संचालन गर्ने । | |
| ५. | शेयररकम | दुवै संघ / संस्थाको शेयर रकम एकीकृत गर्ने । यस वर्षको एकीकृत हुन आउने रकम पनि संयुक्त रुपमा समावेश गरिने । | सबै संघ संस्थाको पछिल्लो लेखा परीक्षण प्रतिवेदन अनुसारको शेयर रकम जम्मा गरि संस्थामा समावेश गर्ने ।<br>१. ……… सहकारी संस्थाको शेयर पुँजी रु …………<br>२. …….. सहकारी संस्थाको शेयर पुँजी रु …………<br>३. ……… सहकारी संस्थाको शेयर पुँजी रु ………..<br>जम्मा शेयर पुँजी रु ……. | |
| ६. | संघ संस्थाका कोषहरु | ………. र ……….. कोषको रकम एकीकृत गरी समावेश गर्ने । वितरण गर्न मिल्ने कोषहरु सदस्यहरुलाई वितरण गर्न नमिल्ने कोषहरु यथावत राखि एकीकृत गर्ने । यसरी एकीकृत गरेपछि नियमानुसार कोषको उपयोग गर्ने । | वितरण गर्न मिल्ने कोषहरु सम्बन्धित संघ/संस्थाका सदस्यहरुलाई वितरण गर्ने, कर्मचारीलाई वितरण गर्ने कोष पनि वितरण गर्ने र बाँकी कोषहरु नियमानुसार उपयोग गर्ने वितरण गर्न मिल्ने कोषहरुको विवरण कोषको नाम<br>…………. सहकारी संघ / संस्था<br>जम्मा<br>१. शेयर लाभांस | |

| | | | | |
|---|---|---|---|---|
| | | | २. सुरक्षण पुँजि फिर्ता<br>३. कर्मचारी बोनस<br>जम्मा :<br>एकीकृत गरी कोषमा राख्ने कोषहरु<br>कोषको नाम : जम्मा<br>१. जगेडा कोष<br>२. सहकारी शिक्षा<br>३. घाटा पुर्ति<br>४. डुवन्त ऋण कोष<br>५. सहकारी विकास कोष<br>६. कर्मचारी संचयकोष<br>७. कर्मचारी बोनस कोष<br>८. सामुदायीक विकास कोष<br>९. स्थिरीकरण कोष<br>जम्मा : ............ | |
| ७. | दायित्व | ........ र ..........चुक्ता पर्ने दायित्व एकीकरण पश्चात ......... नै चुक्ता गर्ने अथवा दायित्व वहनको जिम्मेवारी ....... रहने । | ......... संघ / संस्थाको र ........ संघ / संस्थाको दायित्व एकीकृत गरी ........ बाट फछ्र्यौट गर्ने । | |
| ८. | लगानी हिसाब | ......... र ........... छाता संघहरुमा रहेको लगानी हिसाब एकीकृत गरी ....... को नाममा कायम गर्ने ।<br>............ संघ/संस्थाको लगानी रकम सम्बन्धित छाता संघबाट फिर्ता लिइ आम्दानी बाँध्ने । | निम्न लगानी हिसाब एकिकृत गरी ............. को नाममा कायम गर्ने ।<br>फिर्ता गर्न मिल्ने रकम फिर्ता लिई ............. नाममा आम्दानी बाँध्ने र सो कार्यका लागि छाता संघहरुबाट पत्राचार गर्ने । लगानी भएको संघ/संस्था | |

| | | | | |
|---|---|---|---|---|
| ९. | ऋण लगानी | ......... र ............. आफ्ना सदस्यहरुलाई लगानी गरेको रकम एकीकृत गरी ........ मा समावेश गर्ने । | ....... र ......... एकीकृत भएपछि ......... ऋणी सदस्यहरुले ......... नाममा उक्त ऋण सार्ने व्यवस्था गेन । यसका लागि ......... मसान्त सम्म समय दिने व्याज मात्र बुझाएर ऋणी सदस्यहरुको ऋण ......... बाट उपलब्ध गराउने व्यवस्था मिलाउने । | |
| १०. | बचत हिसाब | ........... र ......... सबै खालका बचतहरु एकीकृत रुपमा समावेश गर्ने । | .......... र .........द्वारा संचालित बचत कार्यक्रमहरुसंस्था ........... शेयर सदस्यहरुको नाममा समावेश गरी राखे । | |
| ११. | सदस्यता | ........... र ........... दुवै संस्थाका सदस्यहरुलाई एकीकृत संस्थामा समावेश गर्ने । | ........... र ........... शेयर सदस्यहरुको सदस्यता एकीकृत संस्थामा कायम गर्दा प्रवेश मितिको आधारमा सदस्यता कायम गर्ने । | |
| १२. | नीतिहरु | संघ / संस्था संचालन नीति लागु गर्ने सन्दर्भमा .......... र भएका एकै किसिमका नीतिहरु भए .......... का नीतिहरु लागु गर्ने र .......... नभएका नीतिहरुका सन्दर्भमा भन्ने .......... नीतिहरुलाई नै एकीकृत संघ/संस्थाको नीतिका रुपमा लागु गर्ने । | हाल रहेका निम्न नितिहरु कायम राखी संघ संघ / संस्था संचालन गर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| १३. | बैंकखाता र नगद जिम्मेवारी | ......... बैंक कारोबार हस्तान्तरण गर्ने नगद पनि संघ /संस्थाको नीतिका रुपमा लागु गर्ने । | ........ बैंक र नगद हस्तान्तरण गरी एकीकृत रुपमा राखी उपयोग गर्ने । | |
| १४. | संस्था संचालन प्रक्रिया | ....... दुवै संस्थाका वर्तमान संचालक लेखा तगा सल्लाहकार समिति एवं उपसमितिहरु मिलाएर विनियममा व्यवस्था भए बमोजिम बाँकी अवधि .......... सम्मका लागि कायम गर्ने । | दुवै संस्थाका संचालकहरुबाट संचालक समिति लेखासमिति तथा अन्य समिति उपसमिति बाँकी अवधी सम्मका लागि गठन गरी कार्य गर्ने । | |
| १५. | लिनु दिनु पर्ने बाँकी ऋण तथा सम्पत्ति | दुवै संघ / संस्थाको एकीकरण गरी संयुक्त रुपमा राख्ने । | दुवै संघ / संस्थाले बुझाउनुपर्ने बाँकी ऋण संयुक्त रुपमा ........... नाममा स्थानान्तरण गरी बुझाउने लिनु पर्ने भए पनि यही केय विधि अपनाइ असुल उपर गर्ने । | |
| १६. | केन्द्रिय /जिल्ला / विषयगत सं को प्रतिनिधि | ......... बाट प्रतिनिधित्व गर्ने केन्द्रिय र जिल्ला / विषयगत संघको प्रतिनिधि ............. एकीकृतसंघ / संस्थाको तर्फबाट पनि निरन्तरता दिने र .......... का केन्द्रिय प्रतिनिधिलाई भने फिर्ता गर्ने । | ......... केन्द्रीय प्रतिनिधि ....... संयुक्त भएको दुवै संघ/संस्थाको प्रतिनिधीका रुपमा एकीकृत प्रतिनिधि फेरबदल गर्ने । | |
| १७. | कर्मचारी | दुवै संघ / संस्थाका कर्मचारीहरुलाई यथावत कामकाज लगाउने । | ....... नियुक्त कर्मचारीहरु र ............ नियुक्त कर्मचारीहरुलाई एकीकृत रुपमा ........नै यथावत कामकाज लगाउने । | |

| | | | | |
|---|---|---|---|---|
| १८. | पान नं | …… पान स्वीकार गर्ने र ……… पानलाई रद्व गर्ने त्यसका लागि सम्बन्धित निकायमा जानकारी गराउने । | ………. सहकारी संस्थाको आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको पान ………. लाई प्रयोग गर्ने । | |
| १९. | नगदी र ढुकुटीको बीमा गर्ने | एकीकृत संघ / संस्था …… को नगदी र ढुकुटी (सेफ) को विमा गराई संचालन गर्ने । | उपर्युक्त विमा कम्पनी सँग आवश्यक सम्झौता गरी नगदी र ढुकुटी बीमा गर्ने व्यवस्था मिलाउने । | |
| २०. | एकीकरण पछिको विवाद सम्बन्धी | एकीकरण पश्चात कुनै विषयमा विवाद उठेमा विवद मिलाउन तिन सदस्यीय समिति निर्माण गर्ने र विवादको टुङ्गो लगाउने । | विवाद समाधान समितिमा ………. र निम्न सदस्यहरुलाई जिम्मेवारी दिने र समितिले गरेको निर्णय संचालक समितिले अनुमोदन गरे पछि लागू हुने गरी निर्णय गर्ने ।<br>१. संयोजक ………<br>२. सदस्य ……<br>सदस्य …………. | |
| २१. | विनियम मा संशोधन र परिमार्जन गर्ने समिति | ……… सहकारी संस्थाको विनयम हालको अवस्थामा कतिपय विषयहरु थपघट परिमार्जन गरी समयानुकुल बनाउनु पर्ने भएकाले व्यापक अध्ययन परिमार्जन गर्न लिन सदस्यीय समितिलाई जिम्मा दिने । | विनियम संसोधन र परिमार्जन गर्दा निम्न समिति निर्माण गरी जिम्मेवारी दिने ।<br>१. संयोजक ………….<br>२. सदस्य ……….<br>३. सदस्य ………. | |

दस्तखत ………….                                        दस्तखत ……….

…………………… संघ संस्था लि                              …………… संघ संस्था लि

संस्थाको छाप                                        संस्थाको छाप

## अनुसुची-२

(दफा १२ को उपदफा (२) र दफा १४ को उपदफा (१) को खण्ड (छ) संग सम्बन्धित)

मितिः ..........................

श्री बलेफी गाउँपालिका
गाँउकार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक

**विषयः एकीकरण गर्न स्वीकृति पाउँ ।**

महोदय,

बलेफी गाउँपालिका सहकारी संस्था सञ्चालन ऐन, २०७४ बमोजिम संचालन भइ आएका तपशिल बमोजिमका संस्थाहरु एकीकरण गर्न सम्पूर्ण प्रक्रिया पूरा भएकोले एकिकरणका लागि तोकिएका आवश्यक कागजत सहित यो निवेदन पेश गरेका छौं ।

अतः उपरोक्त आवश्यक कागजत थान ......... संलग्न छन् ।

भवदीय,

| | |
|---|---|
| ..........................................<br>(संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)<br>नाम :<br>पद :<br>संस्थाको नाम :<br>ठेगाना :<br>टेलिफोन :<br>फ्याक्स :<br>इमेल ठेगाना :<br>मिति :<br>संस्थाको छाप : | ..............................................<br>(संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)<br>नाम :<br>पद :<br>संस्थाको नाम :<br>ठेगाना :<br>टेलिफोन :<br>फ्याक्स :<br>इमेल ठेगाना :<br>मिति :<br>संस्थाको छाप : |

आज्ञाले,
होम बहादुर राउत
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०८२/१२/१०